बैठक संख्याः १(आ.व.०८१/८२)

सम्वत् २०८२ साल भाद्र २ गते, ने.सं. ११४५, सोमबार जिल्ला प्रशासन कार्यालय, रसुवाको सभाहलमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी श्री अर्जुन पौडेलको अध्यक्षतामा देहायका सरोकारवालाहरूको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), रसुवाको बैठक बसी निम्नानुसारका निर्णयहरू गरियो।

उपस्थितिः

| जिल्ला समितिः | | | | |
|---|---|---|---|---|
| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
| | श्री अर्जुन पौडेल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा | अध्यक्ष |
| | श्री बिजय लामा | उप-प्रमुख | जिल्ला समन्वय समिति, रसुवा | सदस्य |
| | श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष | गोसाईकुण्ड गाउँपालिका, रसुवा | सदस्य |
| | श्री बुचुङ तामाङ | अध्यक्ष | आमाछोदिङ्मो गाउँपालिका, रसुवा | सदस्य |
| | श्री माधव प्रसाद अर्याल | अध्यक्ष | उत्तरगया गाउँपालिका, रसुवा | सदस्य |
| | श्री हरिकृष्ण देवकोटा | अध्यक्ष | कालिका गाउँपालिका, रसुवा | सदस्य |
| | श्री नुर्वु स्याङ्वो घले | अध्यक्ष | नौकुण्ड गाउँपालिका, रसुवा | सदस्य |
| | श्री राजेन्द्र प्रसाद आचार्य | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितको कार्यालय, रसुवा | सदस्य |
| | श्री श्याम कुमार शाह | वरिष्ठ संरक्षण अधिकृत | लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय | सदस्य |
| | श्री प्रध्युम्न प्रसाद गौतम | प्रमुख सेनानी/गणपति | श्री श्रीनाथ गण, ब्राबल ब्यारेक, रसुवा | सदस्य |
| | श्री हेम बहादुर शाही | प्रहरी नायब उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, रसुवा | सदस्य |
| | श्री विष्णु पोखरेल | स.प्रहरी नायव उपरीक्षक | स.प्र.ब. नेपाल नं. २० गुल्म हे.क्वा. , रसुवा | सदस्य |
| | श्री मदन पौडेल | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रसुवा | सदस्य |
| | श्री शम्भु तामाङ | डिभिजनल वनं अधिकृत | डिभिजन वन कार्यालय, रसुवा | सदस्य |

## जिल्ला समितिः

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
|---|---|---|---|---|
| | ई.खड्ग लाल श्रेष्ठ | योजना प्रमुख | गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोट | सदस्य |
| | श्री | | नेपाली काँग्रेस, रसुवा | सदस्य |
| | श्री | | ने.क.पा.(एमाले), रसुवा | सदस्य |
| | श्री अर्जुन पौडेल | | ने.क.पा.(माओवादी केन्द्र), रसुवा | सदस्य |
| | श्री ओम प्र पौडेल | | राष्ट्रिय स्वतन्त्र पार्टी, रसुवा | सदस्य |
| | ई.सुवास बाँनिया | सव-डिभिजन प्रमुख | जलस्रोत तथा सिंचाई विकास स.डि.का., रसुवा | सदस्य |
| | श्री रोशनराज बस्नेत | लेखा अधिकृत | पूर्वाधार विकास कार्यालय, रसुवा | सदस्य |
| | ई.कुमार बिक्रम पराजुली | ईन्जिनियर | गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोट | सदस्य |
| | श्री नारायण राज श्रेष्ठ | कार्यालय प्रमुख | नेपाल टेलिकम, रसुवा | सदस्य |
| | श्री द्रुव प्रसाद अधिकारी | स.प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा | सदस्य सचिव |

## अन्य उपस्थितिः

| हस्ताक्षर | नाम, थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| | श्री कृष्ण बहादुर बि.क. | शाखा अधिकृत | गोसाईकुण्ड गाउँ कार्यपालिकाको कार्यालय |
| | ई.कुमार बिक्रम पराजुली | ईन्जिनियर | गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोट |
| | रुप नारायण पौडेल | स.ई. | ,, |
| | श्री बहादुर [illegible] | अधिकृत छैठौं | गोसाईकुण्ड गाउँपालिका [illegible] |
| | सरस्वति न्यौपाने | सम्वाददाता | नेपाल समाचारपत्र दैनिक |
| | बाबुलाल तामाङ | अध्यक्ष | नागरीक समाज रसुवा |

अन्य उपस्थितिः

| हस्ताक्षर | नाम, थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| [signature] | गोलन्यौपाने | सचिव | रेडियो लाङटाङ |
| [signature] | भुवनराज ढुंगाना | अधिकृत | कालिका गा.पा. |
| [signature] | गंगा कुमारी मिजार | पत्रकार | रेडियो रसुवा |
| [signature] | तारापती बि.सी. | प्र.स. | जनस्वास्थ्य कार्यालय, रसुवा |
| [signature] | विजय हाछेथु | कार्यालय प्रमुख | यान्त्रिक कार्यालय, नुवाकोट |
| [signature] | नरेन्द्र थापा | एनेस्थेटिक सहायक | रसुवा अस्पताल रसुवा |
| [signature] | तुलसी प्रसाद राई | प्रमुख मत्स्य अधिकृत | रसुवा मत्स्य कार्यालय |
| [signature] | सत्य राम ज्यारव | नि. प्रमुख कार्यकारी अधिकृत | रसुवागढी हाइड्रोपावर कम्पनी लि. |
| [signature] | [illegible] अधिकारी | नि.प्र.प्र. अधिकृत | आमाछोदिङमो गा.पा. |
| [signature] | अशोक कुमार चौधरी | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

निर्णयहरू:

१. मिति २०८२।०३।२४ गतेको बाढीका कारण विपद् प्रभावित क्षेत्रमा भएको भौतिक क्षतिको प्रारम्भिक विवरण संकलन गर्न मिति २०८२।०३।२५ गते जिल्ला विपद् व्यवस्थापन समिति एवम् जिल्ला सुरक्षा समिति, रसुवाको आकस्मिक बैठकबाट गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोटका योजना प्रमुख ई.खड्गलाल श्रेष्ठको संयोजकत्वमा गठित समितिले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वनुमान महाशाखाको प्रतिवेदन बुलेटिन, जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय, स्थानीय प्रशासनबाट गरिएका निर्णय/विपद् प्रतिकार्यहरू तथा जारी भएका प्रेस-नोट, बाढीग्रस्त क्षेत्रको स्थलगत निरीक्षण, सरोकारवाला निकायबाट प्राप्त तथ्याङ्क तथा विवरणहरू समेतका आधारमा तयार गरेको प्रतिवेदन उपर छलफल गरी अनुमोदन गरियो। अनुमोदन भएको प्रतिवेदन कार्यान्वय तथा जानकारीका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, बागमती प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा अनुरोध गरी पठाउने।

२. मिति २०८२ असार २४, श्रावण १४ र त्यसपश्चात निरन्तर आएको बाढीका कारण गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक आयोजनाको त्रिशुली मैलुङ खण्ड अन्तर्गत उत्तरगया गाउँपालिका वडा नं ५ नौविशे पेट्रोलपम्प नजिक सडकमा भएको कटानका कारण उक्त राजमार्ग पूर्णरुपमा अवरुद्ध भएको, उक्त राजमार्ग भई जाने उत्तरगया गाउँपालिकाको प्रशासनिक कार्यालय, विद्युत आयोजनाहरू र उक्त स्थानमा रहेका वस्तिहरुमा आवागमन अवरुद्ध भएको, कटान रहेको स्थानमा रहेका घरहरु, पेट्रोलपम्पको संरचना उच्च जोखिममा रहेको, थप कटान हुँदा अन्य संरचनाहरु, खेतियोग्य जमिन र मानवबस्ती समेत उच्च जोखिममा रहेकोले उक्त कटानलाई यथाशीघ्र रोकी थप क्षति हुन नदिन र सडक आवागमन सुचारु गर्न जिल्ला विपद् व्यवस्थापन समितिमा अनुरोध गर्ने भनी मिति २०८२।०४।२८ गते स्थानीय विपद् व्यवस्थापन समिति, उत्तरगया गाउँपालिकाको बैठकबाट निर्णय भई आएको हुँदा उक्त सडकखण्डको यथाशीघ्र पुर्ननिर्माण गर्न आवश्यक सहयोग, समन्वय तथा सहजीकरणका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबारलाई अनुरोध गर्ने।

३. मिति २०८२ असार २४, श्रावण १४ र तत्पश्चातको बाढी तथा कटानका कारण गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडकखण्ड अन्तर्गत स्याफ्रुवेशी बजार नजिकै ठूलो पहिरो गई सडकमा क्षति पुगेको र उक्त पहिरोका कारण स्याफ्रुवेशी बजार (पुरानो स्याफ्रुवेशी मानव बस्ती समेत) जोखिममा परेकाले उक्त पहिरोको दीर्घकालिन समाधान गर्नका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र उर्जा, सिँचाई तथा जलस्रोत मन्त्रालयलाई अनुरोध गरी पठाउने।

४. मिति २०८२ असार २४, श्रावण १४ र तत्पश्चातको बाढी तथा कटानका कारण गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडकखण्ड अन्तर्गत उत्तरगया गाउँपालिका वडा नं. ५ तल्लो पहिरे र किस्पाङ गाउँपालिका वडा नं. ५, नुवाकोट जोड्ने वि.सं. २०७२ सालको भूकम्पबाट विस्थापितहरुलाई राख्ने प्रयोजनार्थ छुट्याइएको आवास क्षेत्रसम्म पुग्ने पहुँच मार्ग बगाई आवागमन अवरुद्ध भएकोले त्रिशुली नदीमा पक्की मोटरेबल पुल निर्माणका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेशमा अनुरोध गर्ने।

५. स्थानीय विपद् व्यवस्थापन समिति, गोसाईकुण्ड गाउँपालिकाको मिति २०८२।०१।१९ गतेको सम्पन्न बैठकबाट गोसाईकुण्ड गाउँपालिका वडा नं. ३ बृद्धिम बस्ने पेम्बा घ्याल्वु तमाङ (ना.प्र.नं. ६१ रसुवा) को घर तथा फ्रेन्डसिप गेष्ट हाउसमा मिति २०७८।०८।२६ गते विद्युत सर्टका कारण आगलागी भई घर पूर्ण रुपमा जली नष्ट भएको हुँदा घर पुर्ननिर्माणका लागि **मनसुनजन्य विपद् प्रभावित निजी आवास पुर्ननिर्माण तथा पुर्नस्थापना कार्यविधि, २०७७ (संशोधन सहित)** बमोजिम लाभग्राही कायम गरी राहत प्रासिका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंमा अनुरोध गर्ने।

६. रसुवा जिल्ला खेलकुद विकास समितिको कार्यालय भवन २०७२ सालको भूकम्पका कारण क्षति भई जीर्ण अवस्थामा रहेको र मानवीय क्षतिको जोखिम समेत देखिएकाले उक्त भवन प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम हुने गरी भत्काउनका लागि गोसाईकुण्ड गाउँपालिकालाई अनुरोध गरी पठाउने।

७. मिति २०८२।०४।३० गतेको जिल्ला सुरक्षा समितिको बैठकबाट स्वीकृत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP), २०८२ रसुवा स्वीकृत भएको छ। उक्त DPRP बमोजिम हुनेगरी सबै स्थानीय तहहरूले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) निर्माण गरी निर्धारित कार्यजिम्मेवारी बमोजिमको कार्य गर्ने र अन्य विषयगत निकायहरूले समेत निकायगत कार्यजिम्मेवारी बमोजिमको कार्य गरी विपद् व्यवस्थापनमा सक्रिय भूमिका निर्वाह गर्ने।

८. मिति २०८२ असार २४, श्रावण १४ र त्यसपश्चात निरन्तर आएको बाढीका कारण भोटेकोशी र त्रिशुली नदी किनारमा रहेका बस्ती तथा खेतीयोग्य जमिन समेतमा भई रहेको कटान नियन्त्रण गरी जमिन र बस्तीको संरक्षणको लागि तटबन्ध निर्माण गर्न नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय र बागमती प्रदेश सरकार, खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालयलाई अनुरोध गर्ने।

९. मिति २०८२।०३।२५ गते जिल्ला विपद् व्यवस्थापन समिति एवम् जिल्ला सुरक्षा समिति, रसुवाको आकस्मिक बैठकबाट मिति २०८२।०३।२४ गतेको बाढीका कारण विपद् प्रभावित क्षेत्रमा भएको भौतिक क्षतिको प्रारम्भिक विवरण संकलन गर्न गठित समितिलाई सफलतापूर्वक तथ्याङ्क संकलन एवम् स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गरेकोमा जिल्ला विपद् व्यवस्थापन समितिको तर्फबाट धन्यवाद ज्ञापन गरियो।